स्वदेशी लघुवित्त
**वित्तीय संस्था लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रीयस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

सजिलो लघु बैंकिङ्ग

च.न : ०५/०७६/७७(कम्पनी सचिव)

मितिः २०७६/०७/२१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय :- **साधारण सभा तथा बुक क्लोजको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७६/०७/२१ गते ४:०० बजे बसेको यस संस्थाको सञ्चालक समितिको ७९औं वैठकबाट संस्थाको पाँचौ वार्षिक साधारण सभा २०७६ मंसिर १६ गते, सोमबारका दिन इटहरी, सुनसरीमा सम्पन्न गर्ने निर्णय भएको व्यहोरा निम्न विवरण साथ तहाँको जानकारीका लागि अनुरोध छ ।

१. आ.व. २०७५/७६ सम्मको शेयर प्रिमियम सहित संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २०% अर्थात रु.४,६०,००,०००/-(अक्षेरुपी चार करोड साठ्ठी लाख मात्र) बराबरको वोनश शेयर वितरण गर्ने स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने ।
२. आ.व. २०७५/७६ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजीको १३.२५% अर्थात रु.३,०४,७५,०००/-(अक्षेरुपी तीन करोड चार लाख पच्चहत्तर हजार मात्र) बराबरको नगद लाभांश र प्रस्तावित २०% वोनश शेयर तथा उक्त नगद लाभांशको कर प्रयोजनार्थ १.७५% ले हुने नगद लाभांश रु.४०,२५,०००/-(अक्षेरुपी चालिस लाख पच्चीस् हजार मात्र) गरी कुल १५% प्रतिशतले हुने रु.३,४५,००,०००/-(अक्षरेपी तीन करोड पैंतालिस लाख मात्र) नगद लाभाँश वितरण गर्ने स्वीकृतिका लागि साधारण सभामा प्रस्ताव पेश गर्ने ।
३. वोनश शेयर वितरण पश्चात् कायम हुने पूँजी रु.२७,६०,००,०००/-(अक्षेरुपी सत्ताइस करोड साठ्ठी लाख मात्र) को चार बराबर एक (४:१) को अनुपातमा हुन आउने रकम रु.६,९०,००,०००/-(अक्षेरुपी छ करोड नब्बे लाख मात्र) बराबरको हकप्रद शेयर (Right Share) जारी गर्न स्वीकृतिका लागि साधारण सभामा प्रस्ताव पेश गर्ने ।
४. हालको चुक्ता पूँजी : रु.२३,००,००,०००/-
५. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७६/०८/०६ देखि मिति २०७६/०८/१६ गते सम्म शेयरधनी दर्ता किताब बन्द (बुक क्लोज) गर्ने ।

*संलग्न : पाँचौ वार्षिक साधारण सभाको सूचना ।*

भवदीय,

**गोविन्द चापागाईं**
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

बोधार्थ :
१. श्री नेपाल धितोपत्र वोर्ड,
जावलाखेल, ललीतपुर ।

२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाडौं ।

सञ्चालक समिति बैठक नं. ७९, अनुसूची-११

स्वदेशी लघुवित्त
**वित्तीय संस्था लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रीयस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

सजिलो लघु बैंकिङ्ग

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/०७/....)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७६/०७/२१ गते बसेको सञ्चालक समितिको ७९औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान**

मिति :- २०७६/०८/१६ (तद्नुसार 2nd Dec, 2019), सोमबार

समय :- ११:०० बजे (बिहान)

स्थान :- होटल पाथिभाराको सभाहल, इटहरी-९, सुनसरी।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचि**

क) **सामान्य प्रश्ताव :**

१. आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ असाढ मसान्त सम्मको वासलात र आ.व. २०७५/७६ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) उपर छलफल गरी स्वीकृत गर्ने।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ सम्मको संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १३.२५% अर्थात रु.३,०४,७५,०००/- (अक्षेरुपी तीन करोड चार लाख पच्चहत्तर हजार मात्र) बराबरको नगद लाभांश र प्रस्तावित २०% वोनश शेयर तथा उक्त नगद लाभांशको कर प्रयोजनार्थ १.७५% ले हुने नगद लाभांश रु.४०,२५,०००/- (अक्षेरुपी चालिस लाख पच्चीस् हजार मात्र) गरी कुल १५% प्रतिशतले हुने रु.३,४५,००,०००/- (अक्षरेपी तीन करोड पैंतालिस लाख मात्र) नगद लाभाँश वितरण गर्न स्वीकृत गर्ने।
४. आर्थिक वर्ष २०७६/७७ को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल बहालवाला लेखापरीक्षक श्री के. जे. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस् नियुक्तिका लागि योग्य रहेको)।

ख) **विशेष प्रश्ताव :**

१. संस्थापक शेयरधनीहरु (समुह "क") को तर्फबाट प्रतिनिधित्व गर्नुहुने साविक ३ जना सञ्चालकहरुको कार्यकाल अवधी पूरा हुने भएको हुँदा उक्त समूहको ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/७६ सम्मको शेयर प्रिमियम सहित संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २०% अर्थात रु.४,६०,००,०००/- (अक्षेरुपी चार करोड साठ्ठी लाख मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने।
३. प्रस्ताव नं. २ बमोजिम बोनश शेयर वितरण पश्चात् कायम हुने पूंजी रु.२७,६०,००,०००/-(अक्षेरुपी सत्ताइस करोड साठ्ठी लाख मात्र) को चार बराबर एक (४:१) को अनुपातमा हुन आउने रकम रु.६,९०,००,०००/-(अक्षेरुपी छ करोड नब्बे लाख मात्र) बराबरको हकप्रद शेयर (Right Share) जारी गर्न स्वीकृति प्रदान गर्ने।
४. प्रस्ताव नं. २ र ३ बमोजिम बोनश तथा हकप्रद शेयर जारी पश्चात कायम हुन आउने रकम बराबर संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गरी रु.३४,५०,००,०००/-(अक्षेरुपी चौतिस करोड पचास लाख मात्र) कायम गर्ने।
५. यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) वा प्राप्ती (एक्विजीसन) गर्ने/गराउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने।
६. वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने।

ग) विविध।

पुनश्च : अन्य थप जानकारीको लागि संस्थाको वेब साईट ***www.swadeshibank.com*** मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव